# स्थानीय राजपत्र

## उमाकुण्ड गाउँपालिका, रामेछापद्वारा प्रकाशित

खण्ड : ६ संख्या : ८ मिति : २०७९/११/२५

## भाग - २

# पशु बिमा कार्यक्रम कार्यविधि, २०७९

पशु पालन व्यवसायमा भएका जोखिमहरू कम गरी ती व्यवसाय तर्फ कृषकहरुलाई आकर्षित गर्न कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकाले कृषिको व्यवसायिकरणका लागि जोखिम न्यूनीकरण गरी कृषकले पशुपंक्षीमा गरेको लगानीलाई सुरक्षित गर्न पशु बिमा गर्न कृषकलाई आवश्यक सहयोग गर्नको लागि वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम उमाकुण्ड गाउँपालिकाले यो कार्यविधि जारी गरी सबैको जानकारीको लागी स्थानीय राजपत्रमा प्रकाशित गरेको छ।

# पशु बिमा कार्यक्रम कार्यविधि, २०७९

**प्रस्तावनाः**

कृषि तथा पशु पालन व्यवसायमा भएका जोखिमहरू कम गरी ती व्यवसाय तर्फ कृषकहरुलाई आकर्षक गर्न कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकाले कृषिको व्यवसाय कारणका लागि जोखिम न्यूनीकरण गरी कृषकले पशुपंक्षीमा गरेको लगानीलाई सुरक्षित गर्न माछा, पशुपंक्षी बिमा कार्यक्रममा कृषकले तिरेको बिमा प्रिमियम बाफतको ८०% रकम संघीय सरकारले व्यहोर्दै आएको सन्दर्भमा यस उमाकुण्ड गाउँपालिकाले आ.व. २०७९/०८० मा पशुधनको बिमा प्रिमियम वापत कृषकले तिर्ने बिमा शुल्कको २०% बिमा प्रिमियम रकम को ५०% रकम गाउँपालिकाले बेहोर्ने गरी बजेट विनियोजन भए अनुसारको कार्यक्रम कार्यान्वयन गर्न बान्छनीय भएकाले उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि तथा पशु व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको बिमा ऐन, २०४९ को तथा सोअन्तर्गत नियामावाली तथा आदेश दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले पशुधन बिमा प्रिमियममा अनुदान कार्यक्रमलाई सरल, सहज, व्यवस्थित, प्रभावकारी र पारदर्शी रुपले कार्यान्वयन गरी यो कार्यविधि जारी गरेको छ।

१. **सन्क्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम : पशु बिमाको कार्यक्रम कार्यविधि, २०७९ रहेको छ।

ख) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “पशुधन” भन्नाले घरपालुवा पशु र पन्छीहरु जस्तै गाई, भैसी, बाख्रा, भेडा, कुखुरालाई सम्भिनुपर्ने छ।

(ख) "गाउँपालिका" भन्नाले उमाकुण्ड गाउँपालिका सम्झिनुपर्ने छ।

(ग) "पशुपंक्षी विकास शाखा" भन्नाले उमाकुण्ड गाउँपालिकाको पशुपंक्षी विकास शाखालाई सम्झिनुपर्छ।

(घ) "कार्यविधि" भन्नाले पशु बिमाको कार्यक्रम कार्यविधि, २०७९ सम्झिनुपर्ने छ।

३. **उद्देश्यहरु :**

(क) कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिक खेती तथा पशुपालन तर्फ आकर्षित गर्न सहयोग गर्ने

४. **कार्यक्रम संचालन हुने स्थानहरु :** यस उमाकुण्ड गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाहरु।

५. **कार्यक्रमको आवधिः** यस कार्यक्रमको आवधि एक आर्थिक वर्षको हुने छ।

६. **कार्यक्रमको लागु हुने पशु :**

- गाई
- भैसी
- बाख्रा
- भेडा
- बंगुर
- लेयर्स कुखुरा

७. **कार्यक्रम संचालनको लागि कृषक छनोटका आधारहरुः**

- उमाकुण्ड गाउँपालिकाभित्र पशु पालन व्यवसाय गरेको हुनुपर्ने छ।
- बिमा ऐन, २०४९ बमोजिम दर्ता भएको बिमा कम्पनीबाट बिमा गरेको हुनुपर्दछ।
- बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बिमा गरिएको हुनुपर्ने छ।

८. **कार्यकर्म संचालन प्रक्रियाः**

- कार्यक्रमको बजेट स्वीकृत भएपछि उमाकुण्ड गाउँपालिका पशुपन्छी विकास शाखाले अनुसूची १ बमोजिम सार्वजनिक सूचना आह्वान गर्ने छ।
- उमाकुण्ड गाउँपालिका कमर्चारी र सम्पूर्ण वडाको कर्मचारी करार तथा स्थायीलाई एजेन्ट बनाई काम प्रक्रिया अघि बढाउने।
- अनुदान प्राप्त गर्न इच्छुक कृषकले पशुपंक्षी बिमा गरी पशुपन्छी विकास शाखाले उपलब्ध गराएको अनुसूची- २ बमोजिम ढाँचाको निवेदन पेस गर्नुपर्ने छ।
- पशुपन्छी विकास शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत बाट निवेदन स्वीकृत गरिने छ।
- आषाढ मसान्त अगावै यस कार्यक्रमका लागि विनियोजित सम्पूर्ण बजेट खर्च भएमा कार्यक्रम स्वतः समाप्त हुनेछ।
- पशुधन बिमा कार्यक्रमबाट कृषकहरुले पशु बिमा प्रिमियम बापत तिर्ने बिमा शुल्कको २०% रकमको ५०% उमाकुण्ड गाउँपालिकाले उपलब्ध गराउने छ।

९. **भुक्तानी प्रक्रियाः** पशुधन बिमाको प्रिमियम अनुदान कार्यक्रमको भुक्तानी प्रक्रिया पशुपंक्षी शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत गरि पशुपंक्षी विकास शाखाले लेखा शाखाबाट अनुमानित रकम पेश्की लिई पशुपंक्षी विकास शाखाबाट कृषकलाई बिमा प्रिमियम बापत तिरेको रकमको ५०% रकम भरपाई गरि भुक्तानी गरिने छ।

## अनुसूची – १

## पशुधन बिमाको प्रिमियममा अनुदान कार्यक्रमका लागि दरखास्त आह्वानको सूचना

उमाकुण्ड गाउँपालिका पशुपन्क्षी विकास शाखाको आ.व. २०....../..... को वार्षिक स्वीकृत कार्यक्रमअनुसार कृषकको काबु भन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरि कृषकहरुलाई व्यासायिक पशु पालन तर्फ आकर्षित गर्न सहयोग गर्न पशुधन बिमाको प्रिमियम अनुदान कार्यक्रम रहेअनुसार तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनक लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक कृषकले यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुँदासम्म तोकिएको ढाँचाअनुसारको आवेदन फारम पशुपन्क्षी विकास शाखामा पेस गर्नुहोला । विस्तृत जानकारीको लागि उमाकुण्ड गाउँपालिकाको पशुपंक्षी विकास शाखामा ................... सम्पर्क राख्नुहुन अनुरोध छ ।

**मापदण्ड/आधारहरु :**

- उमाकुण्ड गाउँपालिकाभित्र पशु पालन व्यवसाय हुनुपर्ने छ ।
- बिमा ऐन, २०४९ बमोजिम दर्ता भएको बिमा कम्पनी बाट बिमा गरेको हुनुपर्दछ ।
- बजेट विनियोजित भएको आर्थिक वर्षभित्र बिमा गरिएको हुनुपर्नेछ ।

**आवश्यक कागजातहरु :**

- उमाकुण्ड गाउँपालिका पशुपंक्षी विकास शाखाले उपलब्ध गराएको ढाँचाको निवेदन ।
- पशु बिमा प्रमाण पत्रको प्रतिलिपि ।
- वडा कार्यालयबाट उमाकुण्ड गाउँपालिकाभित्र पशुपालन गरेको व्यहोरा सहितको सिफारिस ।
- दर्ता फर्म भएमा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

## अनुसूची – २

मितिः..................

श्रीप्रमुख प्रशासकीय अधिकृतज्यू

उमाकुण्ड गाउँपालिकाको कार्यालय,

प्रीति, रामेछाप

**विषयः बिमा प्रिमियम रकम अनुदान पाउ ।**

उपरोक्त सम्बन्धमा यस उमाकुण्ड गाउँपालिका पशुपन्क्षी विकास शाखाको आ.व.२०...../....... मा स्वीकृत पशुधन बिमा प्रिमियममा अनुदान कार्यक्रमको अनुदान रकमका लागि यसै निवेदन साथ तपसिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**तपसिल :**

१. पशु बिमा प्रमाण पत्रको प्रतिलिपि ।

२. वडा कार्यालयबाट उमाकुण्ड गाउँपालिकाभित्र पशु पालन गरेको व्यहोरा सहितको सिफारिस ।

निवेदकः

हस्ताक्षरः

कृषकको नाम,थरः

कृषकको ठेगानाः

सम्पर्क नं. :

**प्रमाणीकरण मितिः २०७९।११।२५**

**आज्ञाले,**

**दिल कृष्ण श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**